'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ८३ मंगलवार ०४ मंसिर, २०८१ 19 (Tuesday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### शिक्षकको यौन दुर्व्यवहार प्रकरण

## बागेश्वरी क्याम्पसका स्वविवु सभापतिसहित ५ जना पक्राउ

नमस्ते समाचारदाता
कोहलपुर, मंसिर/०३



कोहलपुरको त्रिभुवन माविबाट सोमबार विद्यार्थीहरु आफ्नै विद्यालयमा अध्ययनरत छात्राहरुलाई एक शिक्षकले पटक पटक यौन दुर्व्यवहार गरेको भन्दै आन्दोलनमा निस्किए । त्रिभुवन माविबाट निस्किएको विद्यार्थीहरुको आक्रोसित भिड कोहलपुर नगरपालिका सम्म पुगेर तोडफोडमा उत्रिएपछि विद्यार्थीहरुलाई तोडफोड गर्न उक्साएको भन्दै इलाका प्रहरी कार्यालय कोहलपुरले पाँच जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बागेश्वरी बहुमुखी क्याम्पसका स्वविवु सभापति देवेन्द्र बुढा, अखिल (क्रान्तिकारी) ६ नं प्रदेश संयोजक सर्जन पाण्डे, प्रशान्त गुप्ता तथा शिक्षकहरु बिमल राज श्रेष्ठ र राजेन्द्र राज सिग्देल समेत गरी ५ रहेका छन् । म्यासेन्जर मार्फत त्रिभुवन माविमा अध्ययरत छात्रालाई सोही विद्यालयका आधारभूत तहमा गणित विषयको अध्यापन गराउने एक शिक्षकले दुर्व्यवहार गरेको भन्दै स्ववियु सभापति बुढा लगायतका विद्यार्थी नेताहरुले गत असोज महिना मै शुरुमा विद्यालय प्रशासनमा ती शिक्षकलाई कारबाही गर्न माग गरेका थिए । विद्यार्थी नेताहरुले ती शिक्षकलाई विभागीय कारबाही गर्न कोहलपुर नगरपालिका शिक्षा शाखामा दबाव समेत दिएका थिए । शिक्षा शाखा प्रमुख राम बहादुर हमालले यदि यस्तो घटना हो भने यो फौजदारी अपराध सँग सम्बन्धीत भएकाले इलाका प्रहरी कार्यालयमा प्रमाण सहित उजुरी दिन सुझाएका थिए । सोही विषयको सम्बन्धमा आफूलाई जबरजस्ती दुर्व्यवहार गरेको भन्दै एक युट्युबर र केही विद्यार्थी नेताहरु विरुद्ध इलाका प्रहरीमा दुर्व्यवहारको उजुरी समेत शाखा प्रमुख हमालले दिएका थिए । उता यौन दुर्व्यवहारमा परेका विद्यार्थीको तर्फबाट पनि इलाका प्रहरी कार्यालयमा उजुरी दिएका थिए। प्रहरीले सो उजुरीलाई अदालत समक्ष पेश गरे पनि अदालतले म्यासेन्जरमा मेसेज गरेकै आधार लाई प्रमाण मान्न नसकिने भन्दै ती शिक्षकलाई पक्राउ गर्न अनुमति दिएको थिएन । ती शिक्षकले माफि पनि मागेका थिए । तर पुनः अर्को एक छात्रालाई पनि यौन दुर्व्यवहारको मेसेज गरेको थाहा भए पछि विद्यार्थी नेताहरुले कारबाही गर्न भन्दै विद्यालय प्रशासनलाई दबाव दिइरहेका थिए । यसै विषयलाई लिएर सोमबार विद्यार्थी नेताहरु त्रिभुवन माविमा गएका र सोमबार पूर्व सभामुख दमननाथ ढुंगानाको निधनमा शोक विदा भएकाले विद्यार्थीहरु विद्यालयबाट बाहिर निस्कदा आन्दोलित हुँदै निस्किएका थिए । यस अघि पनि विद्यार्थी नेतृत्वमा विभिन्न खालका आन्दोलन हुँदै आएका थिए । विद्यार्थी नेताहरुले कात्तिकको पहिलो साता ती शिक्षकलाई कारबाही नभए कोहलपुर नगरपालिका र त्रिभुवन माध्यमिक विद्यालयमा आगो लगाइदिने धम्की दिएका थिए। तिनै विद्यार्थी नेताहरुको नेतृत्वमा सोमबार त्रिभुवन माविका केही विद्यार्थीहरू शिक्षकलाई कारबाहीको माग गरेका थिए । आन्दोलित विद्यार्थीहरूले विद्यालय, कोहलपुर नगरपालिका, केही पसल र नीजि घरहरूमा समेत तोडफोड गरेका थिए। कोहलपुर प्रहरीले आन्दोलनको नेतृत्व गरेको भन्दै बुढासहित आन्दोलनको नेतृत्व गर्नेहरूलाई कोहलपुरका विभिन्न स्थानबाट पक्राउ गरेको थियो । बेलुका ७ बजे पक्राउ परेका सबैलाई सामान्य कागज गराई छोडिएको प्रहरीले जनाएको छ ।

## कर्णालीमा आठ पदमा ४४ उम्मेदवार

### *कैलाली र रुकुम पूर्वमा कांग्रेस–एमाले गठबन्धन*

नमस्ते समाचारदाता
सुर्खेत, मंसिर/०३




कर्णालीका प्रदेशका विभिन्न स्थानीय तहमा रिक्त आठ पदमा ४४ जना उम्मेदवारले मनोनयन दर्ता गराए छन् । यही मङ्सिर १६ गते रिक्त पदका लागि हुने उपनिर्वाचनमा ४४ जनाले उम्मेदवारी दिएका हुन् । कर्णालीमा नलगाड नगरपालिकाका उपप्रमुख, महावु गाउँपालिका अध्यक्ष, सर्केगाड गाउँपालिका उपाध्यक्षका र विभिन्न स्थानीय तहमा पाँच वडाध्यक्षको निधन भएपछि रिक्त रहेको पदमा उपनिर्वाचन हुन लागेको हो । नगर उपप्रमुखका लागि ६, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष पदका लागि ७/७ जना र ५वटा वडाध्यक्ष पदका लागि २४ जना उम्मेदवारले मुख्य निर्वाचन अधिकृतको कार्यलयमा पुगेर मनोनयन दर्ता गरेको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखमा ६ जनाको उम्मेदवारी परेको छ। नेपाली कांग्रेसबाट निर्वाचित नलगाड नगरपालिका उपप्रमुख सरिता सिंहको विसं २०८० कात्तिक १८ गतेको भूकम्पमा परी निधन भएपछि रिक्त रहेको पदमा नेपाली कांग्रेसबाट इन्द्राचन्द सिंह, नेकपा एमालेबाट सुनिता बोहरा, नेकपा माओवादी केन्द्रबाट देवका लामिछाने, राप्रपा नेपालबाट सुनिता पुन रावल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट पार्वती पुन, नेपाल समाजवादीबाट पवित्रा जैशीले मनोनयन गर्दा गरेका छन्। त्यस्तै दैलेखको महावु गाउँपालिकाको अध्यक्ष पदका लागि ७ जनाको उम्मेदवारी परेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय गैडाबाज दैलेखका अनुसार नेपाली कांग्रेसबाट फलकबहादुर भण्डारी, माओवादी केन्द्रबाट जङ्गबहादुर बराल मगर, नेकपा (एकीकृत समाजवादी) बाट जगतबहादुर हमाल, एमालेबाट जङ्गबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाशकुमार बुढा, राप्रपाबाट सुर्जे रावत र नेपाल मजदुर किसान पार्टीबाट दुर्गबहादुर मगरले अध्यक्ष पदका लागि मनोनयन दर्ता गरेका छन् । त्यसैगरी, दुल्लु नगरपालिका-१३ दैलेखको वडाध्यक्ष पदका नेपाली कांग्रेसबाट रेशमबहादुर शाही, एमालेबाट लालबहादुर शाही, माओवादी केन्द्रबाट ढकेन्द्र शाही, नेमकिपाबाट पूर्णप्रसाद उपाध्याय, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामबहादुर शाही र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रेशम मल्ल गरी ६ जनाले उम्मेदवारी दर्ता गराएका छन् । दैलेखको महाबु गाउँपालिका अध्यक्ष निर्वाचित कांग्रेसका लछुमन गुरुङको ७६ वर्षको उमेरमा वि.सं. २०७९ माघ २७ गते निधन भएको थियो। एमालेबाट निर्वाचित दुल्लु नगरपालिका-१३ का वडाका वडाध्यक्ष बिर्खबहादुर शाहीको ६५ वर्षको उमेरमा विसं २०८० माघ २२ गते निधन भएको थियो । त्यस्तै हुम्लाको सर्केगाड गाउँपालिकाका उपाध्यक्षका लागि ७ जनाको उम्मेदवारी परेको छ । गाउँपालिका उपाध्यक्ष चन्द्रसिंह कार्कीको सुर्खेतबाट नेपालगञ्ज जाने क्रममा बस दुर्घटना हुँदा वि.सं.२०८१ भदौ ४ गते मृत्यु भएको थियो ।

बाँकी ३ पेजमा...

## रवी लामिछानेलाई काठमाडौंमा पनि पक्राउ पुर्जी

नमस्ते समाचारदाता
काठमाडौं, मंसिर/०३



जिल्ला अदालत काठमाडौँले पूर्वउपप्रधान तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई सहकारी बचत रकम हिनामिना अनुसन्धानका लागि पक्राउ अनुमति दिएको छ । न्यायाधीश शिशिरराज ढकालको इजलासले आइतबार लामिछानेलाई पक्राउ अनुमति दिएको हो । अदालतले गोर्खा मिडिया प्रालिका तत्कालीन सञ्चालक छविलाल जोशीलाई पनि पक्राउ अनुमति दिएको छ । गोर्खा मिडियाकै तत्कालीन प्रबन्ध निर्देशकको हैसियतमा लामिछानेलाई पक्राउ अनुमति जारी भएको हो । स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको बचत रकम हिनामिना प्रकरणमा लामिछाने र जोशीविरुद्ध अदालतले अनुमति दिएको अदालत स्रोतले बतायो । स्वर्णलक्ष्मी प्रकरणमा यसअघि गोर्खा मिडिया प्रालिका अध्यक्ष जिबी राईसहित २४ जनाविरुद्ध पक्राउ अनुमति प्रहरीले लिइसकेको छ । लामिछाने र जोशी दुवै अहिले कास्की प्रहरी हिरासतमा छन् । सहकारी बचत रकम हिनामिना प्रकरणमा दुवै जना अनुसन्धानका क्रममा पक्राउ पर्नुभएको हो। पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिनामा पक्राउ परेका थिए। अनुसन्धानका क्रममा दुवै जनालाई रुपन्देही पनि पुऱ्याइएको थियो । सुप्रिम सहकारीको बचत रकम हिनामिनामा दुवै जनालाई बुटवल लगिएको थियो। सहकारी बचत रकम हिनामिनाको अनुसन्धानका लागि गठित संसदीय छानबिन समितिले गोर्खा मिडियामा रकम आएको तथ्य बाहिर ल्याएको थियो । यसपछि समितिले तत्कालीन सञ्चालकहरूलाई कारबाही सिफारिस गरेको थियो । पाँच वटा सहकारीबाट गोर्खा मिडियाको खातामा रकम सिधा जम्मा भएको समितिले प्रतिवेदनमा उल्लेख गरेको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७४८६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सहकारीको सतासी अर्ब खोइ सरकार?

सरकारी आँकडामा देखिएको सहकारी उपचलनको रकम हो सतासी अर्ब । सरकारी आँकडामा प्रविष्ट नभएको तर सार्वजनिक रुपमा चर्चा गरेको सहकारी उपचलनको रकम करिब डेढ खर्ब जति हो । जिबी राईले गोरखा मिडिया नेटवर्कमा ल्याएको मध्ये रवी लामिछाने गोरखा मिडियामा एमडी रहेको समयमा उनी मार्फत खर्च गरिएको भनिएको रकम हो ६५ करोड । सरकार र सरकारका सबै संयन्त्रहरु नेपालमा सहकारी जति सबै रवी लामिछानेले नै सकाएको हो जसरी लाग्नु भनेको पूर्वाग्रही नभएर के हो त ? । सरकार ८६ अर्ब ३५ करोड उठाउने विषयको त नाम निसान केही गर्दैन त । त्यो ८६ अर्ब ३५ करोड खानेहरु को को हुन ? तिनीहरुलाई खोइ अनुसन्धान गरेको ? खोइ थुनेको ? खोइ सहकारी पीडितको रकम फिर्ता गर्ने योजना ? सरकार एउटा रवीको पछि लागेर अरु सबैलाई खोख्याउन खोजेको हो त ? सहकारी पीडितको आन्दोलनको नेतृत्व गराउन जुन सहकारी पीडित भनिएको छ, उनीहरुले यस अघि नै आफ्नो बचत भन्दा कयौं गुणा बढी सवारी साधन तथा घरजग्गा लिइसकेका कुराहरु पनि सार्वजनिक भैरहेकै छन् त । पीडित नागरिकको बचत रकम दिलाउन सरकार के गरिरहेको छ ? वर्षौं देखि सहकारी पीडित नागरिकहरु आफ्नो बचत कहिले फिर्ता पाउने हुन कुनै टुङ्गो छैन । यस बारेमा सरकारको विश्वासिलो र भरपर्दो कुनै योजना पनि छैन । रवी लामिछानेलाई देखाएर आफ्ना नजिकका सबैलाई जोगाउन र खोख्याउन खोजेको त होइन नि यो सरकारले ? कास्कीमा रवी लामिछानेको अनुसन्धान सकियो रे । अब कास्कीबाट रवीलाई छोडने र काठमान्डौं पक्राउ गर्ने गरी पक्राउ पूर्जी पनि जारी भयो रे । सरकार सहकारीको उपचलन भएको रकम उठाएर पीडितलाई फिर्ता गर्ने भन्दा पनि प्रतिसोधको राजनीतिमा लागेको हो कि भन्ने गन्ध आउँदैछ त सरकार ?

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा

# शिक्षामा ब्लुमट्याक्सोनोमी

डा. अनिला झा

क्षाक्षिक प्रणालीको उद्देश्य भनेको विद्यार्थीको सिकाइको मूल्यांकन गर्नु हो । सिकाइको मूल्यांकन विभिन्न किसिमबाट गर्न सकिन्छ । वार्षिक/सेमेष्टर परीक्षा प्रणाली, विषयवस्तुको प्रस्तुतीकरण, कन्टिन्यु एसेसमेन्ट सिस्टम, टेक होम परीक्षा र पियर ग्रेडिङ सिस्टम आदि यसका किसिम हुन् । सन् १९५६ मा वैज्ञानिक विन्जामिन ब्लुमले ब्लुमट्याक्सोनोमी संरचना निर्माण गरेका थिए । यो संरचनामा जम्मा ६ किसिमका डोमेन छन् । ती दुई तहमा विभाजित छन् : हाइयर अर्डर थिङकिङ र लोवर अर्डर थिङकिङ । यस किसिमको संरचनाको सबैभन्दा तल्लो डोमेन एकदम फराकिलो हुन्छ । जसमा शैक्षिक सत्रभरि अध्ययन गरेको धेरैजसो विषयवस्तुलाई सम्भिmनु पर्ने हुन्छ । यसलाई रिमेम्बरिङ डोमेन भनिन्छ । यो डोमेनको उद्देश्य शैक्षिक सत्रभरी अध्ययन गरेको विषयवस्तुलाई सत्रको अन्तिममा सम्भिmन सक्नु र जवीनमा उपयोग गर्न सक्नुनै हो । दोस्रो डोमेनलाई अन्डरस्ट्यान्डिङ भनिन्छ । पहिलो डोमेनमा आवश्यक विषयवस्तुलाई दिमागमा राखेको हुन्छ, सबै बुझ्न र सम्भिmन सकेको पनि हुँदैन । दोस्रो डोमेनको प्रमुख उद्देश्य भनेको बुभ्mेको विषयवस्तुलाई आफ्नो शैलीमा व्यक्त गर्न सक्नु हो । यो तहको तत्वको अर्को उद्देश्य भनेको विषयवस्तुको सारांशलाई आफ्नो परिवेश तथा मौलिकताको उदाहरणसहित व्याख्या गर्नु हो । तेस्रो डोमेन भनेको यप्लाई भनिन्छ । यस डोमेनमा सम्बन्धित तथ्यांक तथा बुभ्mेको विषयवस्तुलाई आफ्नो परिवेशमा चित्रण गर्नुपर्छ । बुभ्mेको र सम्भ्mेको विषयवस्तुलाई



आफ्नो परिवेश, मौलिकता अनि आफ्नो भूगोल तथा धरातललाई आधार बनाएर उदाहरणसहित प्रदर्शन गर्न सक्नुपर्छ । चौथो डोमेन भनेको यनालाइज हो, यसको अर्थ सैक्षिक सत्रभरि अध्ययन गरेको विषयवस्तुलाई तहगत वर्गीकरण गर्दै विश्लेषण गर्नुपर्छ । यो डोमेनको अर्को मूल अर्थ भनेको विषयवस्तुलाई आलोचनात्मक र रचनात्मक ढंगबाट विषयवस्तुलाई प्रभावकारीताका साथ प्रस्तुत गर्नुपर्छ । पाँचौं डोमेन भनेको इभालुएट हो । यो डोमेनले विषयवस्तुलाई आफ्नो तर्कअनुसार समर्थन अथवा असमर्थनको आधारमा व्याख्या गर्नु हो । छैटौं डोमेन भनेको क्रिएट हो । जसको आकार पहिलो डोमेन रिमेम्बरिङभन्दा भ्mन्डै तीन खण्डको एक खण्डमात्र हुन्छ । यसको अर्थ भनेको पहिलो डोमेन रिमेम्बरिङबाट जति मात्रामा विषयवस्तुलाई बुझ्दै, सम्भिmँदै र प्रस्तुत गर्दै जाँदा पनि अन्तिम भनेको कुनै पनि ज्ञानको भ्mन्डै एक खण्डमात्र कग्निटिभ पावरको आधारमा जीवनमा समावेश भएको हुन्छ । यो संरचना विद्यार्थीको सिकाइको परिमाणात्मक अथवा विश्लेषणात्मक आधारमा मापन गर्नु हो । त्यसकारण, शिक्षण पद्धतिहरू पनि ब्लुमट्याक्सोनोमी आधार बनाएर पाठ्यक्रम-पठनपाठन र मूल्यांकन पनि यही तरिकाबाट सञ्चालन गर्नुपर्छ । विद्यालय शिक्षाको मूल्यांकन पाठ्यक्रम र परीक्षाको प्रश्नपत्र निर्माणदेखि नै प्रारम्भ हुन्छ । अनि प्रश्न पत्रको निर्माण गर्दा कुनै विषयको प्रत्येक पाठको लर्निङ आउटकमको पनि र ाम्रोसँग अध्ययन हुनुपर्छ । लर्निङ आउटकमहरू पनि ब्लुमट्याक्सोनोमीको आधारमा निर्माण भएको हुन्छ । विद्यालय शिक्षाको परम्परागत विधिमा ब्लुमट्याक्सोनोको आधार पाउन मुस्किल नै हुन्छ । विद्यालय शिक्षाको सिकाइको मूल्यांकन हालसम्म पनि परम्परागत शैलीमा नै ३-४ घन्टे परीक्षा प्रणालीमै केन्द्रित छन् । ३-४ घन्टाभित्र विद्यार्थीले सिकाइलाई ब्लुमट्याक्सोनोमीको पहिलो र दोस्रो तहको डोमेनहरू समाबेश गरेर सफलता प्राप्त गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, केही महिना अगाडि मात्र राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको कक्षा १२ को नतिजा पनि विद्यार्थीको सिकाइको मूल्यांकन गर्नुनै थियो । त्यस परीक्षाको नतिजाको तथ्यांकअनुसार ४७ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएको छ भने ५१.१५ विद्यार्थी उत्तीर्ण भएका छन् । त्यस्तैगरी, गत असारमा पनि कक्षा एसईईमा पनि ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भए भने ४७.८७ प्रतिशत मात्र उत्तीर्ण भएका थिए । यही नतिजालाई विश्लेषण गर्ने हो भने वर्षभरि सिकाइएको ज्ञान तीन घन्टामा मूल्यांकनको मापन गर्नुपर्ने हुन्छ । यो मूल्यांकनलाई ब्लुमट्याक्सोनोमीको आधार बनाउने हो भने कतिसम्म सफल हुन सक्यौ त ? एसईई र कक्षा १२ भनेको दुई किसिमको परीक्षा विद्यार्थीका लागि कोसेढुंगा सरह नै हो । यी दुई परीक्षाको मुख्य उद्देश्य भनेको विद्यार्थीको भविष्य निर्माण गर्नु हो । शिक्षकले पढाउँदा/सिकाउँदा पनि ब्लुम ट्याक्सोनोमीलाई परिणाममुखी सम्बोधन गर्न असफल हो कि भन्ने पनि जिज्ञासा हुनसक्छ । विद्यार्थी केन्द्रित शिक्षण प्रक्रियामा पनि ब्लुमट्याक्सोनोमीको तेस्रो र चौथो तह, यप्याई र यनालाइज एकदम आवश्यक हुन्छ । यो तहसम्म पुग्न विषयवस्तुलाई दिमागमा फेमवर्क बनाएर एक्जिक्युट गर्नु हो अनि अन्तक्रियात्मक रूपमा प्रस्तुत गर्नु हो । निष्कर्ष : ब्लुमट्याक्सोनोमीको संरचनाअनुसार निर्माण गरिएको पाठ्यक्रमको विषयवस्तुको डिजाइनले हरेक विद्यार्थीको सिकाइको उचाइ वृद्धि गर्नुको साथै शैक्षिक यात्रामा पनि सहज बनाउन सकिन्छ । त्यसकारण ब्लुमट्याक्सोनोमीको पहिलोदेखि तेस्रो तहसम्म मापन गर्नसक्नु विद्यार्थीको कग्निटिभ सीपको विकास गर्नु हो । बाँकी तीन तहको डोमेनहरू विद्यार्थीको सिकाइको उचाइलाई शैक्षिक परिवेशभित्र आफ्नै मौलिकतालाई समावेश गर्दै छलफल गर्नसक्नु हो । ब्लुमट्याक्सोनीको आवश्यकता भनेको शैक्षिक परिवेशमा पाठ्यक्रम निर्माण, कक्षाकोठाको सिकाइ विधि अनि मूल्यांकन प्रक्रियामा अपरिहार्य नै भएको छ । *-गोरखापत्र*

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

चंखेली गाउँपालिका
हुम्ला

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७९ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

# ‘सुरक्षित कर्णाली विशेष अभियान’ एक अनुकरणीय प्रयास

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/०३

सूचना र प्रविधिको तीव्र विकास भइरहेका बेला पनि कर्णालीलाई दूरी र भूगोलका हिसाबले निकै जटिल एवं कठिन क्षेत्रका रुपमा हेर्ने गरिन्छ। दुःख, कष्ट, गरिबी, अशिक्षा र भोकको पर्यायका रुपमा उदाहरण दिँदा काठमाडौँको कर्णाली, सुर्खेतको कर्णाली, बाँकेको कर्णाली, पोखराको कर्णाली भनिन्छ। यथार्थमा यही हो र कर्णाली काठमाडौँ, पोखरा, चितवन कर्णालीका लागि विकट छैनन् काठमाडौँमा गरिब, मागेर गुजारा चलाउने, सडक मानव र विकासले छुन नसकेका ठाउँ नै छैनन् बरु त्यसको चरम हद र अवस्था कर्णालीमा भेटिँदैन। समयको गतिसँगै अब सबैखाले परम्परागत भाष्य आजको सूचना र प्रविधिको युगले चिरिदिएको छ। काठमाडौँबाट हेर्नेभन्दा यहीँ पुगेर भोग्नेहरुको नजरमा कर्णाली नितान्त फरक छ। यहाँ पुग्ने जो कोही व्यक्तिले कर्णाली आउनै र अध्ययन गर्नैपर्ने ठाउँका रुपमा बुझ्छन्। विकटता, अशिक्षा, गरिबी र दुर्गमताको उपमा दिनेहरुलाई पद्मकन्या क्याम्पस काठमाडौँमा अध्यापनरत उपप्राध्यापक डा भगवती सेढाइँले आफ्नो अनुसन्धानका क्रममा कर्णाली घुमेर फर्केपछि यसका बारेमा काठमाडौँको एक कार्यक्रममा सहभागी भएर मुक्तकण्ठले तथ्याङ्कीय विवरण प्रस्तुत गर्नुभएको थियो। उहाँका अनुसार काठमाडौँ महानगर पालिकाको कुनै एक वडाको कार्यक्रममा सहभागी हुँदै उक्त कार्यक्रमका विशेष अतिथिले ‘यो वडा त काठमाडौँको कर्णाली’ भनेका थिए। त्यहाँ कर्णाली भन्नाले विकासका गतिको हिसाबले पिछडिएको भन्न खोजिएको थियो। यो सुन्दा भने कर्णाली यात्राको अनुभूति सँगालेर फर्कनुभएकी उहाँलाई खसखस लागिरहेको थियो, कारण त्यहाँ व्यक्त गरिएको कथ्यमा जस्तो कर्णाली तथ्यमा थिएन। कर्णाली प्रदेश विकासको मन्द गतिको उपनाम नभई नवीनतम् कार्य गर्नका लागि उद्‌गम र उर्वर भूमि भएको उहाँ बताउनुहुन्छ। कर्णाली घुमेपश्चात् उपप्राध्यापक सेढाईंले यहाँ उल्लेख गर्न खोजेको चाहिँ सुरक्षित कर्णाली अभियानको ‘क्युआर कोड’ र कर्णाली प्रदेशका घरमा प्रहरीले टाँस गरेको ‘स्टिकर’का बारेमा हो। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले २०८० सालमा कर्णालीका १० वटै जिल्लामा ‘सुरक्षित कर्णाली विशेष अभियान’ थाल्यो। यसको उद्देश्य नागरिकको सुरक्षाका लागि हरेक टोल, बस्ती, घर र व्यक्तिसम्म राज्यको उपस्थित गराउनु थियो। नागरिकले आफ्नो समस्या, घटना तथा गुनासोहरु




कुनै पनि बिचौलियाको सहयोग बिना छिटोभन्दा छिटो प्रहरीसामु पुऱ्याउनु एवं सेवाग्राही र सेवाप्रदायकबीच राम्रो सम्बन्ध स्थापना गर्नु पनि हो। उहाँका अनुसार गुनासो पेटिका राख्दा झन्झटिलो हुने, तत्काल सम्बन्धित व्यक्ति/ निकायसमक्ष गुनासो नपुग्ने र समय पनि धेरै लाग्ने भएकाले समयको मागसँगै यस कार्यक्रमका लागि उच्चतम प्रविधिको प्रयोग भएको रहेछ। कर्णाली प्रदेशअन्तर्गतका सम्पूर्ण प्रहरी कार्यालयहरुमा कार्यरत प्रहरी कर्मचारीहरुले सम्पादन गरेका प्रहरी सेवासम्बन्धी कुनै गुनासो /पीरमर्का, सल्लाह/सुझाव, पृष्ठपोषण, सूचना माग तथा कुनै पनि घटनाको सम्बन्धमा तत्काल प्रतिक्रिया गर्नुपर्ने भएमा ‘क्युआर कोड’मार्फत सिधै कर्णाली प्रदेश प्रहरी कार्यालयको उजुरी छानबिन शाखामा सेवाग्राहीले आफ्नो भनाइ राख्न तथा सम्पर्क गर्न सकून् भनी क्युआर कोडको प्रयोग भएको रहेछ। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालको नेतृत्वमा थालिएको अभियानको प्रमुख उद्देश्य प्रहरीमा नागरिकको सहज सूचनाको पहुँच पुऱ्याउनु, अपराध अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाई नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउनु नै हो। यस क्युआर कोडभित्र सूचना दिनेको नाम, इमेल, सम्पर्क नम्बर, विषय, गुनासोको सङ्क्षिप्त विवरण उल्लेख गर्न मिल्नेगरी तयार गरिएको र सर्वसाधारणले सजिलै प्रयोग गर्न सक्नेगरी बनाएको उपप्राध्यापक डा सेढाईंले उल्लेख गर्नुभएको छ। कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार यस सुरक्षित कर्णाली अभियानका लागि नेपाल प्रहरीले स्टिकर बनाई कर्णाली प्रदेशका १० जिल्लामा तीन लाख ७१ हजार भन्दा बढी घरधुरीमा प्रहरीको फोन नम्बर भएको स्टिकर प्रत्येक घरको मूल ढोकामा टाँस्ने लक्ष्य लिइएको थियो जसलाई निरन्तरता दिइएको छ। कार्यालय, विद्यालय, कलेजमा भने उक्त भवनको मूल प्रवेशद्वारमा र होटेल तथा पसलहरुमा काउन्टरको सामुन्ने टाँस गरिएको देखिन्छ। कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार २०८१ सालको असार ३१ सम्म दुई लाख ३९ हजार एक सय ३३ घरधुरीमा स्टिकर टाँस भएको र गुनासो ‘रिपोर्टिङ’को संख्यामा ५७ प्रतिशत वृद्धि भएको छ। एक वर्षपछि यसलाई फर्केर हेर्दा यो प्रयासले समुदायमा सकारात्मक परिवर्तनको थालनी भएको प्रस्ट सङ्केतका साथै यस कार्यले नागरिक सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने देखिएको छ। यसै सन्दर्भमा उद्योग वाणिज्य सङ्घ सुर्खेतका अध्यक्ष लक्ष्मण कँडेल सुरक्षित कर्णाली विशेष अभियान कार्यक्रम आफैँमा नमूना कार्यक्रम भएको बताउनुहुन्छ। तत्कालीन प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ढकालले सुरु गरेको यो अभियानलाई पछिल्लो नेतृत्वले पनि निरन्तरता दिनुपर्ने उहाँको भनाइ छ। अध्यक्ष कँडेलले यो अभियानले व्यापार तथा होटल व्यवसायीलगायत समाजमा घट्ने जस्तोसुकै घटनाको खबर तत्काल प्रहरी कहाँ पुऱ्याउन र त्यसको आवश्यक खोज अनुसन्धानबाट समस्याको सम्बोधन गर्न महत्वपूर्ण सहयोग पुगेको प्रतिक्रिया दिनुभयो। घरदैलोमा स्टिकर टाँस्ने कार्यक्रमसँगै घरपरिवारको नाम, ठेगाना, फोन नम्बर, परिवार सङ्ख्या, पेसा र व्यवसाय लगायतका लगत विवरण समावेश हुने भएकाले शान्तिसुरक्षा अमनचयन कायम गर्न सहयोग पुग्नाका साथ प्रदेशस्तरीय नीति तथा कार्यक्रम तर्जुमा गर्दा उपयोगी हुने डा सेढाईं बताउनुहुन्छ। घर परिवार लगत एउटा महत्वपूर्ण तथ्याङ्क भएकाले यसको समुचित प्रयोगबाट तथ्याङ्कपरक नीति, कार्यक्रम निर्माण र सम्पादन गर्न सकिन्छ। क्युआर कोडमार्फत पठाइएको गुनासो सिधै कर्णाली प्रदेश प्रहरी कार्यालयमा उजुरी छानबिन शाखामा पुग्ने व्यवस्था गरिएको छ। प्रदेश प्रहरी कार्यालयका अनुसार उजुरीमार्फत आएका सूचनाहरूलाई गोप्य राख्नका लागि उच्चतम सतर्कता अपनाइएको छ। कर्णाली प्रदेशका सामाजिक अगुवा पिताम्बर ढकाल यो अभियान राम्रो भए पनि व्यापक रुपमा प्रचारप्रसार हुन नसक्दा नागरिकलाई जानकारी नभएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “यसबारे म आफैँलाई पनि थाहा नहुँदा के गर्ने भन्ने विषयमा ज्ञान थिएन। क्युआर कोडमा आफ्ना गुनासा तथा उजुरीहरु कसरी प्रबिष्ट गराउने र प्रविधिको प्रयोगका लागि सुविधा के भन्ने विषयमा सुसूचित गराउनुपर्दछ।” शिखर मावि दशरथपुर सुर्खेतका शिक्षक जनकबहादुर सिंहले घर, विद्यालय तथा पसलहरुमा प्रहरीले स्टिकर टाँसेको भने पनि त्यसबारे आफूहरुलाई थाहा नभएको प्रतिक्रिया दिनुभयो। कुनै घटना परिघटना पर्दा सहजै प्रहरी प्रशासनसँग सम्पर्क गर्न सकिने र नागरिकको सुरक्षामा सहयोग पुऱ्याउने यो अभियान प्रशंसायोग्य भएकाले यसको व्यापक रूपमा प्रचारप्रसार हुनुपर्ने उहाँको भनाइ छ। चन्दननाथ नगरपालिका-५ जुम्लाका स्थानीय लक्ष्मीकन्या बुढाका अनुसार ‘सुरक्षित कर्णाली विशेष अभियान’ अन्तर्गत सञ्चालन गरिएका कार्यक्रम निकै महत्वपूर्ण र ग्रहणयोग्य छ। यद्यपि क्युआर कोड, विद्यालय, क्याम्पस, सार्वजनिकस्थलका साथै सार्वजनिक गाडीहरुमा पनि टाँस्नुपर्ने र त्यसको प्रयोगका विषयमा आमनागरिलाई आधारभूत ज्ञानसहित प्रयोग विधिका बारेमा जानकारी गराउनुपर्ने उहाँको सुझाव छ। प्रहरी अधिकारीहरूका अनुसार क्युआर कोडमार्फत यहाँका नागरिकहरुले शान्तिसुरक्षामा भएका समस्या र कमजोरीका साथै सुदृढ सेवा प्रवाहका लागि घर वा बाटोघाटो, पाटीपौवा जहाँबाट पनि प्रविधिमार्फत उजुरी दिनसक्ने सुविधा उपभोग गर्न सक्नेछन्। उनीहरुलाई कुनै गुनासा राख्न, उजुरी वा निवेदन दिन सम्बन्धित निकाय धाउनुपर्ने छैन र उजुरीकर्ताको नाम भने प्रहरीले गोप्य राख्ने प्रावधान छ। अनुसन्धानकर्मी एवं उपप्राध्यापक सेढाईं क्युआर कोडमार्फत गुनासालाई अति जरुरी, जरुरी र साधारण वर्गमा राखेर त्यसको सम्बोधन गर्ने, अति जरुरी उजुरीलाई तत्काल, जरुरी प्रकारको भए तीन दिनभित्र र साधारण खालको भए पाँच दिनभित्र उजुरीको छानबिन गरी उजुरीकर्तालाई विवरण सहितको जानकारी दिने व्यवस्था मिलाइएको र परिणाम पनि सकारात्मक देखिएकाले यो अभियानलाई देशव्यापी रूपमा विस्तार गर्नुपर्ने सुझाव दिनुहुन्छ। सरोकारवालाहरुले क्युआर कोडको प्रयोगले नागरिक सम्बन्ध नजिक बनाउन, सुरक्षाप्रतिको विश्वास बढाउन, सहज सेवा प्रदान गर्न, समयको सदुपयोग तथा नागरिकलाई सेवा लिन जाँदा हुने दुःख पूर्णरुपले हट्ने प्रतिक्रिया दिएका छन्। तिला गाउँपालिका-३ जुम्लाका स्थानीय निराजन गौतम अभियान थालनी भएयता क्युआर कोडको प्रयोग, स्टिकर टाँसले चोरी चकारी, झै-झगडा र मादकपदार्थ सेवन गर्नेजस्ता कुलतमा लागेकाहरू बढी सशङ्कित भएको बताउनुहुन्छ।

# बैतडी–दार्चुला सडक अवरुद्ध

नमस्ते समचारदाता
बैतडी, मंसिर/०३



मध्यपहाडी लोकमार्ग अन्तर्गत बैतडीको पत्ताल भूमेश्वरमुनि डोजर चलाउँदा पहाड खसेको छ। पहाडबाट खसेको सुक्खा पहिरोले बैतडी-दार्चुला जोड्ने दशरथचन्द लोकमार्ग अवरुद्ध भएको छ। पहिरो खसेको स्थानमाथि चमेलिया जल विद्युत्को १५० मेगावाटको टावरसमेत धरापमा परेको छ। सडक अबरुद्ध हुँदा बैतडी-दार्चुला भएर आवतजावत गर्ने सवारी साधनबिच बाटोमै अलपत्र परेका छन्। सडक डिभिजन कार्यालयले सडकको मोड सुधार गर्ने योजनाअनुसार बैतडी-दार्चुला जोड्ने मुख्य लोकमार्ग पाटन नगरपालिका -४, जेउडेको मोडमा एक महिना अघिबाट ठेक्कामार्फत मोड सुधारको काम हुँदै आएको छ। केशर कन्ट्रक्सनले मोड सुधारको काम गरिरहकै अवस्थामा आइतबार ५:३० बजे अचानक सुक्खा पहिरो खसेपछि राजमार्ग पूर्णरुपमा अबरुद्ध बनेको छ। एक्कासी पहिरो खस्दा स्थलगत निरीक्षणमा खटिएका कर्मचारी ज्यान जोगाएर भाग्न सफल भएको सडक डिभिजन कार्यालय पाटन, बैतडीका प्रमुख लक्ष्मणदत्त जोशीले बताउनुभयो। पहिरो निरन्तर खसिरहेकाले सडक सुचारु गर्न नसकिएको उहाँले बताउनुभयो। प्रहरी र सडकको प्राविधिक टोलीले स्थलगत निरीक्षण गर्दा रातिको समयमा पहिरो पन्छाउन सकिने अवस्था नरहेकाले समेबार पहिरो पन्छाउने काम थालिने जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख, प्रहरी नायव उपरीक्षक मकेन्द्र मिश्रले बताउनुभयो। पहिरोको जोखिम रहेकाले राति नै सडक खुलाउन नसकिने सडक डिभिजन प्रमुख जोशीले बतानुभयो। पत्ताल भूमेश्वरको पहाड खस्नेक्रम नरोकिएकाले राति पहिरो सफा गर्न चुनौती रहेको उहाँले बताउनुभयो। सडक अबरुद्ध बनेसँगै बैतडी र दार्चुलाबाट छुटेका छोटो तथा लामो दूरीका सवारीसाधनबिच बाटोमै रोकिएका छन्, भने यात्रुहरु अलपत्र परेका छन्। दार्चुला र बैतडीबाट छुटेका सवारी साधनका यात्रुहरुलाई सतबाँझ लगायतका बजार क्षेत्रमा सुरक्षित रहन प्रहरीले आग्रह गरेको छ। त्यसैगरी तराइका जिल्लाबाट आएका सवारी साधनका यात्रुहरुलाई पाटन बजारमा बस्न आग्रह गरि एको छ। सोही व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्याय बैतडी र इलाका प्रहरी कार्यालय पाटनको टोली यात्रु व्यवस्थापनमा खटिएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

## कर्णालीमा...

जुम्लाका सबै स्थानीय तहमा नुन पुऱ्याउन स्थानीय तहहरूसँग सहकार्य भई सोही अनुसार ढुवानी भइरहेको चौधरीले जानकारी दिनुभयो। उहाँका अनुसार सदरमुकाममा चार हजार क्विन्टलमध्ये दुई हजार एक सय ५० क्विन्टल ढुवानी भएको छ। नराकोटमा एक हजारमा हालसम्म चार सय ५० क्विन्टल पठाएको छ। गोरुचौरमा एक हजारमध्ये पाँच सय क्विन्टल नुन पुऱ्याएको छ। जाजरकोटका सात पालिकामध्ये सदरमुकामसहित चार ठाउँमा नुन बिक्री हुँदै आएको छ। सदरमुकाममा दुई हजार पाँच सयमा एक हजार दुई सय मात्र ढुवानी भएको छ। नलगाडको दिल्लीमा एक हजार पाँचमा छ सय क्विन्टल ढुवानी भएको छ। पश्चिम जाजरकोटको थलहमा एक हजार दुई सय क्विन्टलमध्ये चार सय ५० क्विन्टल ढुवानी भएको छ। तागामा तीन सय क्विन्टल कोटामध्ये सबै पुगेको छ। रुकुम पश्चिमको ४ हजार पाँच सय क्विन्टल कोटा मध्य हाल सम्म आठ सय ५० क्विन्टल ढुवानी भएको छ। चौरजहारीमा आठ सय क्विन्टल मध्य तीन सय ४० क्विन्टल मात्र ढुवानी भएको छ। कालिकोटमा तीन हजार पाँच सय क्विन्टल मध्ये सात सय ५० क्विन्टल ढुवानी भएको छ। रासकोट डिपोमा एक हजार दुई सय क्विन्टलमध्ये दुई सय ४० क्विन्टल ढुवानी भएको छ। बाँकी ढुवानीको प्रक्रियामा छ। ठेक्का प्रक्रियाबाट ढुवानी हुने भएकाले ढुवानीकर्ताले आफू अनुकूलमा ढुवानी गर्दै आएका छन्। उपल्लो डोल्पामा कोभिड देखि आयोडिन युक्त नुन ढुवानी हुन सकेको छैन। हिमाली जिल्लाहरूमा चिसो र हिमपातका कारण नुन ढुवानीमा समस्या हुने गरेको छ। उपल्लो डोल्पा, हुम्लाको माथिल्लो भाग र मुगुको माथिल्लो क्षेत्रमा ढुवानीमा समस्या हुँदै आएको छ। स्थानीय तहहरूले समन्वय गरेर नुन लिएमा सबेलाई सहज हुने लिमिटेडको भनाइ छ। हाल निर्धारण गरिएको नुनको कोटा कर्णालीको हालको जनसङ्ख्यालाई अपुग भएको स्थानीय तहका प्रमुखहरूले बताउँदै आएका छन्। दैलेखमा नुनको बिक्री केन्द्र नै छैन। कर्णालीको सबै स्थानीय तहमा साल्टट्रेडिङसँग सहकार्य गरेर नुन लिन पुऱ्याउन सकेमा सबैका लागि सजिलो हुने साल्ट ट्रेडिङले जनाएको छ। आयोडिनयुक्त नुनको आवश्यकता र माग दुवै उच्च रहेको स्थानीय तहका प्रमुखहरू बताउँछन्। साल्ट ट्रेडिङले सीमित कोटा निर्धारण गर्दा बर्सेनि कर्णालीका स्थानीयवासीका लागि नुन अपुग हुने गरेको पूर्वमन्त्री गणेशप्रसाद सिंहले बताउनुभयो।

## कर्णालीमा...

नेपाली कांग्रेसका सविता बुढा, एमालेका जाना शाही, माओवादी केन्द्रबाट देवकी तिमिल्सिना, राप्रपाबाट सङ्गीता शाही र राष्ट्रिय स्वतन्त्र पार्टीका बाँचा बुढाले उपाध्यक्ष पदमा उम्मेदवारी दिएका छन्। सो पदका रामसरा खड्का साउद र नरेश शाहीले स्वतन्त्र उम्मेदवारी दिएको जनाइएको छ। त्यस्तै डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ रिक्त वडाध्यक्ष पदको उपनिर्वाचनमा ४ जनाको उम्मेदवारी दर्ता भएको छ। यहाँ कांग्रेसबाट राजेन्द्रप्रसाद न्यौपाने, एमालेबाट नरबहादुर रोकाय, माओवादी केन्द्रबाट नरबहादुर झाक्री र एकीकृत समाजवादीबाट ज्योति घर्तीको उम्मेदवारी परेको छ। कालीकोटको तिलागुफा नगरपालिका-४ वडाध्यक्ष पदका लागि ६ जनाको उम्मेदवारी परेको छ। नेपाली कांग्रेसबाट पैलबहादुर शाही, एमालेबाट ऐनबहादुर शाही, नेमकिपाबाट खड्कराज शाही, माओवादी केन्द्रबाट नौशोभा शाही, राप्रपाबाट गोगनबहादुर शाही र राष्ट्रिय स्वतन्त्र पार्टीबाट गगन बमले उम्मेदवारी दर्ता गराए छन्। त्यस्तै, जाजरकोटको कुशे गाउँपालिका-७ मा हुने वडाध्यक्षको निर्वाचनका लागि ४ जनाको उम्मेदवारी दर्ता भएको छ। कांग्रेसबाट खम्बबहादुर सिंह, एमालेबाट डम्मरबहादुर घर्ती, नेकपा माओवादी केन्द्रबाट गोरखबहादुर नेपाली र राप्रपाबाट लालबहादुर खत्रीको उम्मेदवारी दर्ता भएको छ। यहाँ माओवादी केन्द्रबाट निर्वाचित वडाध्यक्ष मनबहादुर घर्तीको वि.सं. २०७९ असार ४ गते निधन भएको थियो। त्यस्तै गरी रुकुमपश्चिम भागमा पर्ने सानीभेरी गाउँपालिका-५ को वडाध्यक्षका लागि ४जनाको उम्मेदवारी परेको छ। कांग्रेसबाट निर्वाचित वडाध्यक्ष अलबहादुर खत्रीको वि.सं. २०८० माघ २० गते जण्डिसका कारण निधन भएपछि रिक्त रहेको उक्त पदमा कांग्रेसबाट मोतिराम खत्री, माओवादी केन्द्रबाट जसीराम बस्नेत र एकीकृत समाजवादीबाट हंसराज पुरीले उम्मेदवारी दिएका छन्। कैलाली जिल्ला समन्वय समिति प्रमुख एमालेले काँग्रेका उम्मेदवारलाई समर्थन गरेको छ भने रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिका उपाध्यक्ष पदमा एमाले नेतृ केशकुमारी तुलाचन कांग्रेसको चुनाव चिह्नमा उम्मेदवार बनेकी छन्।


# बर्दियाको जब्दिघाट पुल मर्मत नहुँदा सर्वसाधारणलाई सास्ती

नमस्ते समाचारदाता
बर्दिया, मंसिर/०३



बर्दिया सदरमुकाम गुलरिया र बारबर्दिया नगरपालिका जोड्ने जब्दीघाट पुल भासिएपछि सर्वसाधारणले सास्ती खेप्न परेको छ । यो पुल भासिएपछि बर्दिया सदरमुकाम गुलरिया सम्म जाने आउने मोटर बाटाहरु बन्द भएका छन् । पप्पु कन्स्ट्रक्सनले साढे १६ करोड बढी लागतमा बनाएको यो पुल उदघाटन नहुँदै २०७४ सालमै भासिएको थियो । ४ सय ३५ मिटर लामो र ७.४ मिटर चौडा रहेको सो पुल विक्रम सम्वत २०७४ साल साउनमा आएको बाढीले पुलको पिलरमा क्षति पुर्याउँदा पुलको दुई वटा पिलर भासिएका थिए। पुल भासिएपछि बबई नदि वारपार गर्न त्यहाँका नागरिकलाई डुंगाको सहारा लिन परेको छ। समयमा डुंगा नपाइने भएकोले बिरामी, बालबालिका र जेष्ठ नागरिक सवैभन्दा बढि मारमा परेका छन् । यो पुल तरेर गुलरियाबाट बारबर्दिया नगरपालिका हुँदै पूर्वपश्चिम राजमार्गको रम्भापुर आउ-जाउ गर्न सकिन्थ्यो । यो पुल पनि भत्किएपछि सदरमुकाम गुलरियासँगको सम्पर्क टुटेको स्थानीय बताउँछन् । पूर्ण रुपमा संचालनमा नआउँदै भासिएको पुल सर्वसाधारणले प्रयोग गर्दै आएका थिए । चार पांग्रे सवारी साधन संचालन गर्न नमिले पनि मोटरसाइकल, साइकल र पैदल आउजाउ गर्न सकिने अवस्थाको पुललाई २०७९ सालमा आएको बाढीले बगाउँदा यस क्षेत्रका बासिन्दालाई डुंगाको भर पर्न परेको छ । डुंगा प्रयोग गर्नुको कुनै विकल्प नभएको स्थानीय बताउँछन् । जब्दीघाटमा स्टीमर संचालनमा छ । स्टीमर मार्फत नदी पार गरेबापत एक जनाले १० रुपैयाँ शुल्क बुझाउनु पर्छ । साइकलको १० र मोटरसाइकलको १५ रुपैयाँ बुझाउन बाध्य छन् । स्टीमर संचालनका लागि गुलरिया र बारबर्दिया नगरपालिकाले ठेक्का दिएका छन् । ठेकेदारले खसी, बोका पार गरेबापत समेत शुल्क लिने गरेको छ । खसी, बोकाको १० रुपैयाँ शुल्क बुझाउन सर्वसाधारण बाध्य छन् । यो घाटबाट दैनिक कम्तीमा दुई हजार सर्वसाधारण आउजाउ गर्छन् । पुल पुनर्निर्माण नहुँदा सदरमुकाम गुलरिया आउन सर्वसाधारणले सास्ती खेप्न परेको छ । पुल भएको बेला १५ मिनेटमा गुलरिया पुगे पनि डुंगामार्फत नदि तर्दा झण्डै एक घण्टा लाग्ने गरेको स्थानीयले जनाएका छन् । सो क्षेत्रबाट संघिय संसदमा नेपाली काँग्रेसका संजय गौतमले २०७९ सालको चुनावको बेला आफूले जितेमा यो पुल पुनः निर्माण गराउने नारा लगाए थिए । तर दुई वर्ष हुँदा सम्म पनि कुनै काम हुन नसकेकोमा सांसद गौतम प्रति स्थानीयहरु आक्रोसित भएका एक स्थानीयले बताए ।

# मुख्य निर्वाचन अधिकृतको कार्यालयमा काम गर्न कठिन



नमस्ते समाचारदाता
हुम्ला, मंसिर/०३

सर्केगार्ड गाउँपालिका उपाध्यक्ष पदका लागि मंसिर १६ गते हुन लागेको उपनिर्वाचनका लागि स्थापना भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा काम गर्न कठिन भएको छ। कार्यालयमा इन्टरनेट जडान नभएका कारण कार्यालयमा भएका काम आयोगमा पठाउन र आयोगबाट आउने परिपत्र हेर्न नसकिने अवस्था आएको हो । उपनिर्वाचनका लागि स्थापना भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय हिमज्योति मावि सर्केगार्डको नयाँ निर्माण भएको भवनमा स्थापना गरिएको भए पनि त्यहाँ इन्टरनेट जडान नगरिएको कारण काम गर्न कठिन भइरहेको मुख्य निर्वाचन अधिकृत शम्भुप्रसाद बरालले बताए । आइतबार मनोनयन दर्ताको काम सकिनेबित्तिकै कार्यालय बन्द गरेर मनोनयनबारे आयोगलाई जानकारी गराउन साया स्वास्थ्य चौकीको भवनमा रहेको कार्टरमा आएर काम गर्नुपरेको उनले बताए । शाखामा गाउँपालिकाले जडान गरेर इन्टरनेट पनि निकै सुस्त गतिको भएको तैपनि जेनतेन काम चलाउनुपरेको उनले बताइन् । त्यसैगरी कार्यालयमा प्रिन्ट नभएर बजारमा गएर प्रिन्ट गर्नुपर्ने अवस्था छ । विद्युत्को समेत राम्रो व्यवस्था नभएका कारण कर्मचारीले समस्या भोग्नुपरिरहेको छ । गाउँपालिकाले व्यवस्था गर्नुपर्ने भए पनि खासै चासो नदिएका कारण समस्या भोग्नुपरिरहेको कार्यालयका कर्मचारीले गुनासो सुनाए ।

# बर्दियाको मधुवनमा हात्तीले आठ वटा घर भत्कायो

नमस्ते समाचारदाता
बर्दिया, मंसिर/०३



मधुवन नगरपालिका-१ स्थित कैलाशीमा चारदिन यता बर्दिया राष्ट्रिय निकुञ्जबाट निस्केको हात्तीले आठ घर भत्काएको छ । राति १ देखि ३ बजेसम्म हात्तीले मध्यवर्ती क्षेत्रमा आतंक फैलाउन थालेपछि यहाँका बासिन्दा रातभर जाग्राम बस्न थालेको दुःखेसो पोखेका छन् । मधुवन नगरपालिका-१ का वडाध्यक्ष मीन थापाले चार दिनयता स्थानीय यज्ञराज शाही,चन्द्र बहादुर खडका, प्रेमकला सुनार, युवराज गोरखधामी, खम्बशाही लगायत आठ जनाको कच्ची घर हात्तीले भत्काएको बताए । हात्तीको आतंकका कारण स्थानीय निकै त्रसित भएका छन्,'उनले भने,'रात पर्न साथ मानिसहरु घर छाडेर अन्यत्र सुरक्षित स्थानमा जाने गरेका छन् । हात्ती धपाउन बर्दिया निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष, निकुञ्ज सुरक्षाका लागि तैनाथ नेपाली सेना लगायत स्थानीय रातभर गस्ती गर्दै आएका छन् । तर हात्तीलाई नियंत्रण गर्न सकेका छैनन् ।' निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले हात्तीले आतंक फैलाएपछि त्यसलाई नियन्त्रण गर्न सबै निकाय परिचालित भएको बताए । बर्दियामा राष्ट्रिय निकुञ्ज आसपासका गाउँ बस्तीहरुमा बेला बेलामा हात्तीले आतंक मच्चाउँदा धनजनको क्षती हुँदै आइरहेको छ । बर्दिया निकुञ्जमा करिब १ सय २० वटा हात्ती रहेको अनुमान छ।

विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरुपमा आउने हुँदाः
- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कर्णालीमा अझै आयोडिनयुक्त नुन पुऱ्याउनै कठिन

नमस्ते समाचारदाता
सुर्खेत, मंसिर/०३



कर्णालीमा अझैपनि आयोडिन युक्त नुन पुऱ्याउनै कठिन छ । साल्टट्रेडिङ कर्पोरेसन लिमिटेडले कर्णालीका सबै डिपोहरूमा नुन ढुवानी गरिरहेको छ । सरकारले ढुवानी भाडामा अनुदान दिई साल्टट्रेडिङले कर्णालीका जिल्लामा आयोडिनयुक्त नुन सहुलियतमा बिक्री गर्दै आएको छ । उपल्लो डोल्पाको तिन्जे बिक्री केन्द्रबाहेक अन्य ठाउँमा आयोडिनयुक्त नुन पुऱ्याउने क्रम जारी रहेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको प्रदेश कार्यालय, नेपालगन्जका प्रमुख मनोज चौधरीले जानकारी दिनुभयो। चीन सरकारले अनुमति नदिएका कारण उपल्लो डोल्पामा नुन ढुवानी गर्न नसकिएको साल्टट्रेडिङले जनाएको छ । कर्णालीका पूरै र लुम्बिनीमा आयोडिनयुक्त नुन नेपालगन्जबाट ढुवानी गरिँदै आएको छ । कर्णालीका हुम्ला, मुगु र डोल्पामा आयोडिनयुक्त नुन नपुग्ने समस्या यो वर्ष समाधान भएको प्रमुख चौधरीले जानकारी दिनुभयो । कर्णालीका जिल्लाहरूमा प्रति पोका रु नौ रुपैयाँले आयोडिनयुक्त नुन बिक्री हुने गरेको छ । ढुवानीमा अनुदानका कारण उक्त नुन प्रतिकिलो नौ रुपैयाँ परेको उहाँले बताउनुभयो । डोल्पाको सदरमुकाम दुनैमा दुई हजार पाँच क्विन्टल कोटामध्ये हालसम्म एक हजार एक सय क्विन्टल नुन ढुवानी भइसकेको छ । जुफाल डिपोमा पाँच सयमध्ये तीन सय क्विन्टल, काइगाउँमा तीन सय कोटामध्ये हालसम्म नुन पुऱ्याइएको छैन। ढुवानीको क्रममा बाटोमै रहेको साल्टट्रेडिङले जनाएको छ । त्रिपरासुन्दरीको लिकुमा तीन सय कोटा निर्धारण गरिएकामा ढुवानीको क्रममा रहेको प्रदेश कार्यालय, नेपालगन्जका प्रमुख चौधरीले जानकारी दिनुभयो । मुडकेचुलाको सर्मीमा तीन सय क्विन्टलमा सबै नुन पुगेको उहाँको भनाइ छ। तिन्जेमा एक हजार आठ क्विन्टल कोटा निर्धारण गरेकामा हाल सम्म पुऱ्याउन सकेको छैन । हुम्ला सदरमुकाम सिमीकोटमा एक हजार छ सय क्विन्टल कोटा निर्धारण गरिएकामा हालसम्म एक हजार एक सय ५० क्विन्टल ढुवानी भइसकेको छ। याल्वाङ डिपोमा पाँच सय क्विन्टल कोटा निर्धारण गरिएकामा हालसम्म ढुवानी हुन सकेको छैन । सार्केगाडमा नौ सय क्विन्टलमध्ये ढुवानीको क्रममा बाटोमा रहेको प्रदेश प्रमुख चौधरीले जानकारी दिनुभयो । श्रीकोट डिपोमा नौ सय क्विन्टल कोटा भएकोमा ढुवानीको क्रममा छ । सदरमुकाममा भने हवाई मार्गबाट नुन ढुवानी गर्ने कार्ययोजना रहेको छ । श्रीकोट र सार्केगाड साल्टट्रेडिङ कर्पोरेसनका बिक्री केन्द्र हुन् । मुगु सदरमुकामका डिपोमा दुई हजार पाँच सय क्विन्टलको कोटा रहेकामा हालसम्म एक हजार एक सय क्विन्टल ढुवानी भइसकेको छ । बाँकी ढुवानीको क्रममा छ। सोरुकोटमा नौ सय क्विन्टलमध्ये पाँच सय क्विन्टल ढुवानी भएको छ। श्रीकोटमा नौ सय क्विन्टल ढुवानी भएको छ। मुगुमकार्मरोङ गाउँपालिकामा एक हजार क्विन्टल कोटा रहेकामा हालसम्म ढुवानी भएको छैन । सदरमुकामबाट नै यहाँको माग र आपूर्ति व्यवस्था हुँदै आएको साल्टट्रेडिङले जनाएको छ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके